नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

(मान्यता समकक्षता तथा मूल्याङ्कन शाखा)

फोन नं. ६६३०५८८
६६३४११९
६६३००८८
फ्याक्स : ६६३०७९७
नोटिस बोर्ड: १६१८०१६६३०७९७
सानोठिमी, भक्तपुर
www.moecdc.gov.np

पत्र संख्याः- २०८०/०८१ मितिः २०८०।११।२३

चलानी नं.:- ३३५

विषय : पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृति प्राप्त पाठ्यपुस्तक/पाठ्यसामग्री प्रयोग गर्ने गराउने सूचना ।

श्री सबै स्थानीय तहहरु,
श्री सबै विद्यालयहरु,
नेपाल ।

प्रस्तुत विषयमा शिक्षा ऐन २०२८ (संशोधन सहित) को दफा ८ मा विद्यालयले नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम, पाठ्यपुस्तक लागु गर्नुपर्छ भन्ने व्यवस्था, शिक्षा नियमावली २०५९ (संशोधन सहित) को नियम ३४ मा विद्यालयमा अध्यापन गराउने पाठ्यपुस्तक पाठ्यक्रम विकास केन्द्रले तयार गर्नुपर्ने व्यवस्था र संघ, प्रदेश र स्थानीय तहको कार्यसूचीको विस्तृतीकरण प्रतिवेदन — २०७३ मा विद्यालय तहको मूल विषयको पाठ्यक्रम, पाठ्यपुस्तक निर्माण र नियमन गर्ने कार्य संघीय सरकारको कार्य क्षेत्र भित्र समावेश गरिएको छ। त्यसको साथै शिक्षा नियमावलीको नियम ३५ ले कुनै विद्यालयले पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत पाठ्यपुस्तकको अलावा थप पाठ्यसामग्री तथा पाठ्यपुस्तक प्रयोग गर्न चाहेमा शिक्षा विकास तथा समन्वय इकाइबाट स्वीकृति लिनु पर्ने र इकाइले स्वीकृति दिँदा पाठ्यक्रम विकास केन्द्रले स्वीकृत गरेको सूचीमा भएको हुनपर्ने व्यवस्था र पाठ्यक्रम तथा पाठ्यसामग्री विकास तथा वितरण निर्देशिका, २०७९ मा कुनै पनि प्रकाशक/मुद्रक वितरकले पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृति लिएर मात्र पाठ्यपुस्तक मुद्रण र बिक्री वितरण गर्नुपर्ने व्यवस्था रहेको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

उक्त व्यवस्था अनुरूप पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास, थप पाठ्यसामग्री मूल्याङ्कन तथा स्वीकृति प्रदान गरी सूचीकृत गराउने कार्य यस केन्द्रले गर्दै आएको छ। यस केन्द्रबाट स्वीकृति प्रदान गरिएका पाठ्यसामग्री तथा पाठ्यपुस्तकहरु यस केन्द्रको वेवसाइट (**moecdc.gov.np**) मा प्रत्येक वर्ष सूचीकरण गर्ने गरिएको छ। तथापी कतिपय स्थानीय निकायले यस केन्द्रबाट स्वीकृति प्रदान नगरिएको पाठ्यसामग्रीलाई विद्यालयमा प्रयोग गर्नको लागि परिपत्र गर्ने गरेको र विद्यालयहरुले पनि यस केन्द्रबाट स्वीकृति प्रदान नगरिएको पाठ्यपुस्तक तथा अतिरिक्त पाठ्यसामग्रीलाई विद्यालयमा प्रयोग गरेको भन्ने गुनासा आएकाले यस केन्द्रबाट स्वीकृति प्रदान नगरिएको पाठ्यपुस्तक तथा अतिरिक्त पाठ्यसामग्रीलाई विद्यालयमा प्रयोग गर्न अनुमति दिने र विद्यालयमा प्रयोग गर्ने कार्य कानुन विपरीत देखिन आएकाले उक्त कार्य नगर्न नगराउन सम्पूर्ण स्थानीय तह र सामुदायिक तथा निजी विद्यालयहरुलाई जानकारी गराइन्छ।

तसर्थ प्रचलित कानुनी प्रावधान विपरीत पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत नगरिएका पाठ्यपुस्तक, अतिरिक्त पाठ्यसामग्री आफु खुसी प्रयोग गरेको गराइएको पाइएमा कानुनअनुसार कारवाहीको प्रकृया अघि बढाइने समेत सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

तारा पाण्डे तिवारी
शाखा अधिकृत

<u>बोधार्थ</u>
श्री शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरवार काठमाडौं
श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुर
श्री सबै शिक्षा विकास तथा समन्वय इकाइ, नेपाल : अनुगमन गर्नुहुन अनुरोध छ ।